दक्षिणकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं, बागमती प्रदेश, नेपाल

मितिः- २०७९/०२/१७

## दक्षिणकाली नगरपालिका क्षेत्रका सबै सहकारी संस्थाहरुको लागि

## अत्यन्त जरुरी सूचना

सहकारी ऐन, २०७४ को दफा ७२ मा अभिलेख सुरक्षित राख्नुपर्ने व्यवस्था रहेको तथा ७३(१) मा सहकारी संस्थाहरुले प्रत्येक वर्षको कारोबारको चौमासिक र वार्षिक प्रतिवेदन, लेखा परिक्षण प्रतिवेदन, वार्षिक कार्यक्रम, निति तथा योजना, सञ्चालक समिति, साधारण सभा, शेयर लगायतका विवरणहरु सहितको प्रतिवेदन तोकिएको समय भित्र रजिष्ट्रार समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेको, सहकारी नियमावली, २०७५ को नियम २८ को उपनियम (१) मा कार्य संचालनको अभिलेख तोकेको तरिका र ढाँचामा राख्नुपर्ने व्यवस्था रहेको तथा उपनियम (४) मा सहकारी संस्थाहरुले आफ्नो संस्थागत तथा व्यवसायिक कारोबारको विवरण विभागले तोकेको एकीकृत व्यवस्थापन सूचना प्रणाली (COPOMIS)मा प्रविष्ट गर्नुपर्ने व्यवस्था रहेको, बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरुको सुपरिवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७७ को दफा ३ ले प्रत्येक महिनाको ७ गते भित्र मासिक र प्रत्येक आर्थिक वर्ष व्यतीत भएको ३०(तीस) दिनभित्र वार्षिक वित्तीय प्रतिवेदन रजिष्ट्रारले तोकिदिएको ढाँचामा एकीकृत व्यवस्थापन सूचना प्रणालीमा दाखिला गर्नुपर्ने व्यवस्था रहेको विदितै छ । सो सम्बन्धमा यस नगरपालिकाको प.सं.०७७/७८ च.नं. १५६३ मिति २०७७/१०/१३ को पत्र, मिति २०७७/११/२६ तथा मिति २०७८/१२/१३ को सूचनाबाट समेत यस नगरपालिका भित्रका सबै सहकारी संस्थाहरुलाई त्यस संस्थाहरुको विवरणहरु COPOMIS प्रणालीमा सम्पुष्टि, प्रविष्टि र अभिलेखिकरण गर्ने कार्यका लागि जानकारी गराई सकिएको छ ।

यसै सन्दर्भमा सहकारी विभागको प.सं.०७८/७९ च.नं. १३३८ मिति २०७९/०२/०९ को पत्रबाट माथि उल्लेखित व्यवस्थाका साथै सहकारी ऐन, २०७४ को दफा १५०क. बमोजिम जारी गरिएका सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी निर्देशन, २०७४ को निर्देशन नं. २९ र सहकारी संघ संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७७ को दफा ३

मोला प्रसाद चापागाईं
प्रमुख प्रशासकीय अधिकृत

फर्पिङ, काठमाडौं, नेपाल, फोन नं.: +९७७ ०१ ४७१००२८
Email: info@dakshinkalimun.gov.np, Website: www.dakshinkalimun.gov.np

को कानूनी व्यवस्थालाई समेत स्मरण गराउँदै सबै सहकारी संघसंस्थाहरुलाई COPOMIS प्रणालीमा आवद्ध गराउन तथा सहकारी संघसंस्थाको समष्टिगत तथ्याङ्क तथा विवरणहरु आ.व.०७८/०७९ को आषाढ महिना भित्र र तत्पश्चात हरेक वर्षको माघ महिना भित्र एकपटक **अनिवार्य** रुपमा प्रणालीमा प्रविष्टि गर्ने कार्यको लागि विभागले तोकेका ढाँचाहरुमा नियमित रुपमा तथ्यांक प्रविष्टिका लागि लेखी आएको हुँदा उपरोक्तानुसारका विवरणहरु **अनिवार्य** रुपमा **COPOMIS प्रणालीमा** प्रविष्ट गर्नुहुन सबै सहकारी संघसंस्थाहरुलाई जानकारी गराइन्छ ।

**पुनश्चः** यस सम्बन्धी सूचना, विवरण भर्ने तरिका सहकारी विभागको वेवसाईट www.deoc.gov.np र www.copomis.gov.np मा समेत हेर्न सकिनेछ । COPOMIS प्रणालीमा आवद्धताका लागि User name र password नलिएका सहकारी संघसंस्थाहरुले सहकारी विभाग, नयाँ वानेश्वरमा सम्पर्क गरी User name र password लिनुहुन अनुरोध छ । थप जानकारीको लागि सहकारी विभागको इमेल ठेगाना sahakaribivag@gmail.com मा पत्राचार गर्न, फोन नं. ०१-४४६५३६२, ४४६११७७ (४४६५२५१, ४४६५२५२, CoPoMIS Unit) मा तथा यस नगरपालिकाको सहकारी शाखामा समेत सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

२०७९/२/१८

भोला प्रसाद चापागाई
प्रमुख प्रशासकीय अधिकृत